कटहरी गाउँपालिका
Katahari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang
प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal
Ph:-021-404100

प.सं./Ltr.No:
च.नं./Ref.No.

मिति(Date):......................

## प्रेस विज्ञप्ती

यस कटहरी गाउँपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको ५ (पाँच) दिने **अध्ययन तथा अवलोकन भ्रमण**लाई ज्येष्ठ नागरिक शिर्षकसँग जोडेर केही संचार माध्यमहरुबाट प्रसारण भएको भ्रामक र गलत समाचार प्रति कटहरी गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

जनतालाई प्रभावकारी रुपमा सेवा प्रदान गर्न र सुशासन स्थापित गर्न यस कटहरी गाउँपालिका प्रतिबध्द छ ।

विभिन्न स्थानीय तहहरुले गरेका असल अभ्यासहरुको अनुभव साटासाट गरी अनुशरण गर्ने क्रममा स्थानीय तहहरुको भ्रमण गर्ने, अन्तरक्रिया गर्ने कार्यक्रम धेरैजसो स्थानीय तहहरुमा हुँदै आएको नजीर छ । कटहरी गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुबाट समेत विगतका वर्षहरुमा यस्ता अध्ययन अवलोकन भ्रमणहरु हुँदै आएको छ ।

गत आर्थिक वर्षहरुमा झैं यस आर्थिक वर्षमा पनि जनप्रतिनिधिहरु र कर्मचारीहरुको **अध्ययन तथा अवलोकन भ्रमण** शिर्षकमा रु. ६,००,०००।-( छ लाख ) विनियोजन गरी सातौं गाउँसभाबाट सर्वसम्मतबाट निर्णय पारित भएबमोजिम आर्थिक वर्ष ०७७/०७८ को प्रमाणित बजेट निर्णय पुस्तिकाको अनुसूची-४ को संकेत नं. २.४.१६ मा यस कार्यक्रम सम्बन्धमा स्पष्ट रुपमा उल्लेख भएको छ । साथै यहि आर्थिक वर्षको हिउँदे अधिवेशनको बैठकमा समेत यस कार्यक्रमलाई यथाशिघ्र कार्यान्वियनमा ल्याउनका लागि गाउँसभा प्रतिवद्ध भए पश्चात् सोही विनियोजित बजेटको दायरा भित्र रहेर नै **अध्ययन तथा अवलोकन भ्रमण** सम्पन्न भएको जानकारी गराउन चाहान्छौं ।

उक्त विषयमा सत्य तथ्य कुरा नै नबुझी केही सन्चार माध्यमहरुले भ्रामक तथा अतिरञ्जित समाचार प्रसारण गरी आम नागरिकहरुमा भ्रम उत्पन्न गरेकोले सोको खण्डन गर्दै आगामी दिनहरुमा सत्य तथ्य बुझेर मात्र समाचार प्रसारण गर्नुहुन आम सन्चार माध्यमहरुलाई अनुरोध गर्दछौं । आम नागरिकहरुलाई त्यस्ता गलत समाचारको पछी नलाग्र हुन समेत अनुरोध गर्दछौं ।

२०७७।११।१८

रामकुमार कामत
११/१८

रामकुमार कामत

अध्यक्ष



Scanned with CamScanner